नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री भोला दाहालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार**

**मि.नं.-२ दायर मितिः-२०८३/०४/०४**

**फैसला मितिः-२०८३/०४/०४**

| वादी | प्रतिवादी |
| --- | --- |
| प्र.ब.ना.नि. मान बहादुर जिम्बा समेतको प्रतिवेदनले नेपाल सरकार..........................१ | जिल्ला पर्सा विन्दावासिनी गा.पा. वडा नं.३ झौवागुठ्ठी बस्ने राजेन्द्र दास तत्वाको छोरा बर्ष ३३ को लालबाबु दास...........१ |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले प्रहरी टोलीलाई विभिन्न किसिमको अश्लिल शब्द प्रयोग गरी गालीगलौज गर्दै हातपात समेतको प्रयास गरी अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन.।

२. प्रतिवादीले प्रहरी टोलीलाई विभिन्न किसिमको अश्लिल शब्द प्रयोग गरी गालीगलौज गर्दै हातपात समेतको प्रयास गरी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. मैले प्रहरी टोलीलाई विभिन्न किसिमको अश्लिल शब्द प्रयोग गरी गालीगलौज गर्दै हातपात समेतको प्रयास गरी अभद्र व्यवहार गरेकोले मलाई प्रहरीले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

४. प्रहरी टोलीलाई विभिन्न किसिमको अश्लिल शब्द प्रयोग गरी गालीगलौज गर्दै हातपात समेतको प्रयास गरी अभद्र व्यवहार गरेकोले प्रतिवादीलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका अलादीश अंसारी समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान ।

**ठहर-खण्ड**

यसमा मिति २०८३।०३।२५ गते अं.२०:३० बजेको समयमा जिल्ला पर्सा वीरगंज म.न.पा.वडा नं.२५ सिर्सिया खल्वा टोलमा लालबाबु दासले मादक पदार्थ सेवन गरी हो-हल्ला गरी रहेको भनी प्राप्त सूचनाको आधारमा म समेतको प्रहरी टोली खटि गई निजलाई फेला पारी रोकी सोधपुछ गर्दा उल्टै रिश आवेशमा म समेतको प्रहरी टोलीलाई विभिन्न किसिमको अश्लिल शब्द प्रयोग गरी गालीगलौज गर्दै हातपात समेतको प्रयास गरी अभद्र व्यवहार गरेकोले निजलाई पक्राउ गरी आवश्यक कारवाहीको लागि पेश गरेको भन्ने व्यहोराको प्र.ब.ना.नि.मान बहादुर जिम्बा समेतको प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा

अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साविती. बयान समेतको आधारमा यी प्रतिवादी लालबाबु दासले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८ (१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी वीरगंज म.न.पा.वडा नं.२५ सिर्सिया खल्वा टोलमा लालबाबु दासले मादक पदार्थ सेवन गरी हो-हल्ला गरी रहेको भनी प्राप्त सूचनाको आधारमा प्रतिवेदक समेतको प्रहरी टोली खटि प्रतिवादीलाई फेला पारी रोकी सोधपुछ गर्दा उल्टै रिश आवेशमा प्रहरी टोलीलाई विभिन्न किसिमको अश्लिल शब्द प्रयोग गरी गालीगलौज गर्दै हातपात समेतको प्रयास गरी अभद्र व्यवहार गरेको गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी लालबाबु दासलाई कैद ११ दिन जरिवाना रु.५०००/- अक्षरेपी पाँच हजार मात्र हुने ठहर्छ। सो ठहर्नाले अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

<u>तपसिल खण्ड</u>

१. माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८ (१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८ (२) बमोजीम प्रतिवादी लालबाबु दासलाई ठहरेको कैद ११ दिनको हकमा निज मिति २०८३/०३/२५ देखि २०८३/०४/०३ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा निज प्रतिवादी लालबाबु दासबाट जरिवाना रकम रु.५०००/- असुल उपर गर्नु ------------------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-------------------------------------------------------------------१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु---------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-------------------------------------------------------------------------------------------१

भोला दाहाल
प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८३ श्रावण महिना ४ गते सोमवार रोज २/ ने.सं. ११४६ दिलाथ्व सप्तमी, शुभम् ........